CC-0. Nepal Sanskrit Academy, Kathmandu

पूर्णिमा

इतिहास-प्रधान त्रैमासिक पत्रिका

९३

पू

र्णा

ङ्क

संशोधन-मण्डल

CC-0. Nepal Sanskrit Academy, Kathmandu

CC-0. Nepal Sanskrit Academy, Kathmandu

का. मे. अ. द. नं. १५५/२४९

तदिह न गुणदोषौ योजनीयावलीकौ
कथमपि महता यत् संस्कृतोऽयं श्रमेण ।

—बापूदेव शास्त्री

[धेरै मिहिनेत गरी यो तयार गरिएको छ । यस कारण यहाँ झूटो गुण अथवा दोष नलाइदिनुहोला ।]

पूर्णिमा

(इतिहास–प्रधान त्रैमासिक पत्रिका)

२४ वर्ष

१ अङ्क

सम्पादक–

महेशराज पन्त

दिनेशराज पन्त

प्रकाशक–

देवीप्रसाद भण्डारी

(संशोधन-मण्डलद्वारा)

यस अङ्कको मूल्य रु. ५५।–

CC-0. Nepal Sanskrit Academy, Kathmandu

विषयसूची

१. कुण्डलीसङ्ग्रह —दिनेशराज पन्त १–५०

२. योगनरेन्द्र मल्लले जग्गा बेची गरिदिएको, ताडपत्रमा लेखिएको, अहिलेसम्म प्रकाशमा नआएको एउटा पत्र —महेशराज पन्त ५१

हाम्रा प्रकाशित कृति

संशोधन-मण्डलतर्फबाट

१. पूर्णिमा ५ देखि ९३ अङ्कसम्म १४८९।–
२. अभिलेख-संग्रह १ देखि १२ भागसम्म ७।५०
३. इतिहास-संशोधन १७५।–
४. सावधान-पत्र ६०।–
५. विद्या-रक्षा ७५।–
६. व्याकरण-संशोधन १५।–
७. पञ्चाङ्ग-संशोधन ३०।–
८. बुद्धिविनोदप्रश्नावली र त्यसको उत्तर २।–
९. रत्नदीप २।५०
१०. वृत्तशतक ३।–
११. नेपालसंवत्को राष्ट्रिय मान्यताको अनौचित्य ५।–
१२. श्री ३ महाराज पद्मशमशेरका कुरा १२।–
१३. कौटलीय अर्थशास्त्रको ऐतिहासिक व्याख्या १०।–
१४. अभिनन्दनग्रन्थ ५।–

नेपाल राजकीय-प्रज्ञाप्रतिष्ठानतर्फबाट

१. पण्डित गोपाल पाँडे र उनको घनमूल ल्याउने रीति १६।५०
२. प्राचीन र नवीन गणितको तुलना १५।–
३. त्रिकोणमिति (ज्योत्पत्ति) २५।२५
४. श्री ५ पृथ्वीनारायण शाहको उपदेशको संस्कृत तथा नेपाली पद्यमयी व्याख्या २५।४०
५. लिच्छविसंवत्को निर्णय १००।–
६. हिन्दू सिद्धान्तज्यौतिष र ग्रीक सिद्धान्तज्यौतिषको तुलना २९।–
७. रत्नदीप (पहिलो भाग) १०५।–
८. विश्रान्ति ८२।–

CC-0. Nepal Sanskrit Academy, Kathmandu

कुण्डलीसङ्ग्रह

– दिनेशराज पन्त

राजाहरूको जन्ममितिको र राज्यभोगवर्षको– कहीँकहीँ उनीहरू परलोक भएको समयको पनि– र राजकुलका तर राजा हुन नपाएकाहरूको जन्म र मृत्युवर्षको टिपोट परेको, आजभोलि गोपालराजवंशावली भन्ने नाउँले प्रख्यात भएको पुस्तकको एक अंश[1] अहिले यहाँ जे छापिन लागेको छ, त्यस्तो रचनामध्ये थाहा पाइएसम्म सबभन्दा पुरानो ठहरिएको छ।

यही क्रममा हामी ठ्यासफुमा लेखिएका विभिन्न लेखोटलाई सम्झन पुग्छौँ। तिनमा ठाउँठाउँमा राजाहरूका जन्ममिति मात्र होइन, जन्मकुण्डली नै कोरेर दिइएको देखिएको छ।[2]

कुनै पुस्तकको एक अंशमा वा ठाउँठाउँमा जन्ममिति वा जन्मकुण्डलीसमेतको जन्ममिति मात्र नदिई पूरै जन्मकुण्डलीले भरिएका पुस्तक पछिल्ला कालमा लेखिएका देखिन्छन्। त्यस्ता पुस्तकको सम्पादन गर्ने काम

---

१. वि. सं. २०४२ मा वीस्वादेनबाट फ्रन्स स्टाइनर फेर्लागद्वारा प्रकाशित, धनवज्र वज्राचार्य र कमलप्रकाश मल्लको द गोपालराजवंशावली, ए फ्याक्सिमएलि एडिशन् प्रिपेर्ड् बाइ द नेपाल् रिसर्च् सेन्टर् इन् कल्याब्‌अरेशन् विथ् द न्याश्‌अनल् आर्‌काइभ्ज् काठ्मान्डू । विथ् यान् इनट्रडक्शन्, ए ट्रान्स्क्रिप्शन्, नेपाली यान्ड् इङ्गलिश् ट्रान्श्लेशन्ज्, ए ग्लस्अरि यान्ड् इन्डाइस्इज् [नेपाल रिसर्च सेन्टरद्वारा काठमाडौंको राष्ट्रिय अभिलेखालयसँग मिलेर तयार गरिएको, गोपालराजवंशावलीको प्रतिरूप संस्करण, उपोद्‌घात, प्रतिलिपि, नेपाली र अङ्ग्रेजी उल्था, शब्दार्थसूची र परिशिष्टहरूसहित]का ३९–४४, ५३, ६३, ६५ पृ.

२. वि. सं. २०२३ मा कलकत्ताबाट फर्मा के. एल. मुखोपाध्यायद्वारा प्रकाशित डिल्लीरमण रेग्मीको मेड्‌ईभल् नेपाल् [मध्यकालको नेपाल] ३ भागका ५३, १११–११२, १२३–१२६ पृ.

वि. सं. २०२३ मा पटनाबाट डिल्लीरमण रेग्मीद्वारा प्रकाशित उनैको मेड्‌ईभल् नेपाल् ४ भागका ३२९, ३३६, ३५२, ३५९ पृ.

CC-0. Nepal Sanskrit Academy, Kathmandu

महेशराज पन्तबाट वि. सं. २०४१ मा शुरू भएको हो ।[३] त्यस्तै खालको अर्को पुस्तकको प्रकाशन यहाँ अहिले गर्न लागिएको छ ।

वीरपुस्तकालय चौथो लगतको २२१७ सङ्ख्यामा रहेको यस पुस्तकको नाम छैन तापनि त्यस पुस्तकालयको दर्ताकितापमा र त्यसैको आधारमा त्यस पुस्तकमा पनि पछि यसको नाम **कुण्डलीसङ्ग्रह** लेखिएको छ । वीरपुस्तकालयको चौथो लगतमा यसको परिचय दिंदा जङ्गबहादुर आदि राणापरिवारहरूको र शाहपरिवारहरूको जन्मकुण्डली आदि भन्ने लेखी ने. का. दे. अ. अर्थात् नेपाली कागत र देवनागरी अक्षर भन्ने खुलाई कैफियतमा हस्तलिखित थान् ३ यसमा नेपाली कांचो कागतमा लेखिएको कापि जस्तो गरी सिएका ३ तिन्वटा अ. पा. इ. छेउछेउमा मुसाले खाई दोब्रिएका झुत्रा पुराणा छन् भनी लेखिएको छ । अ. पा. इ. को अर्थ स्पष्ट छैन तापनि अक्षर पाई हो भन्ने राष्ट्रिय अभिलेखालयका अनुसन्धान सहायक श्रीबच्चुराम दाहालको भनाइ छ । यताबाट कुण्डलीका ३ वटा सङ्ग्रहलाई वीरपुस्तकालयमा दर्ता गर्दा **कुण्डलीसङ्ग्रह** भनी नाम दिइएको देखिन्छ ।

नेपाल – जर्मनहस्तलिखितग्रन्थसंरक्षणपरियोजनाअन्तर्गत यसको माइक्रोफिलम भएको छ, त्यसको सङ्ख्या ए ४०५।२२ हो । दोब्रिएको पातोलाई सम्याई माइक्रोफिलम गर्नुपर्ने जस्ता सामान्य कुरा पनि नगरिएकोले काम लाग्ने निकै कुरा माइक्रोफिलममा छुट्न गएको छ र फाटेको पातोको माइक्रोफिलम गर्दा त्यसभन्दा पछिल्लो पातोको अंश नछोपी गरिनाले निकै ठाउँमा भ्रम पर्न गएको छ । त्यस्तो ठाउँमा मूल पुस्तकै हेरी यहाँ काम चलाइएको छ । यो **कुण्डलीसङ्ग्रह** ठाउँठाउँमा च्यातिएको पनि छ । त्यसले गर्दा केहीको जन्मसंवत् बुझ्न नसकिने भएको छ तथा केहीको त पूरै नष्ट भएको छ । यस **कुण्डलीसङ्ग्रहमा** खाली ठाउँमा पछिपछि अरू कुरा पनि लेखिएका थिए भन्ने कुराको उदाहरणको रूपमा तल दिइएका वाक्य देखाउनु नै पर्याप्त होला–

> सम्वत् १९८६ साल पौषशुल्क ॥ पंचमि ॥ आईतवारानस्ये मत तयागु क्रितिजङ्गधरया पाला
> नामुकु धान् १७।६ अघीया ।२
> कोड – १।
> लतवीधां – १।
> संम्वत् १९८० आगे दाषीला आम्दानि जील्लै मोरंग वीराटनगर बजार
> आगे चिसापानीगदीका कपतान् अंमरबुं...

---

३. वि. सं. २०४१ मा प्रकाशित पूर्णिमा ६४ अङ्कका १२–३३ पृष्ठमा छापिएको महेशराज पन्तको टिप्पनको पुस्तक भन्ने निबन्ध

CC-0. Nepal Sanskrit Academy, Kathmandu

यस कुण्डलीसङ्ग्रहमा रोमनमा र देवनागरीमा नेपाल, पाटन लेखिएको पाइएकोले पाटनका ज्योतिषी-द्वारा यो तयार भएको देखिन्छ। यस अनुमानलाई चौथो लगतको २२०१ सङ्ख्याको सूर्यसिद्धान्तदेखि २२१७ सङ्ख्याको यस कुण्डलीसङ्ग्रहसम्म समेटने गरी विवरणमा लेखिएको तलको वाक्यले स्पष्ट गर्छ–

> २०२३ साल पौष २५ गते रोज २ का मितिमा ल. पु. ई. क्वालखुटोल बस्ने कीर्तिशारङ्गधर जोशीसँगका भरपाईबमोजिम खरिद भइआएका पुस्तक र नेवारी पञ्चाङ्ग संवत्समेतका थान् अटचालिस – ४८

वि. सं. २०२३ मा वीरपुस्तकालयमा यी पुस्तक बिक्री गर्नुभन्दा २ वर्षअगाडिसम्मको तलको जन्म-मितिटिपोटले पहिले कुण्डलीसङ्ग्रह तयार गर्ने ज्योतिषीका सन्तानले पुर्खाको बिँडो थामेको देखिन्छ–

> ०२१ साल भाद्रशुक्ल प्रतिप्रदा २३ गत सोमवार बेलुकी ५/१५ प्रथमपुत्री सुकु तन्डुकार कुरीयागाउं

यस कुण्डलीसङ्ग्रहको धेरै अंश राम्रो अक्षरमा परिश्रमपूर्वक लेखिएको भए तापनि केही अंश ख्यारख्यार गरेर पनि लेखिएको छ । यसमा देवनागरी अक्षर लेख्दालेख्दै बीचबीचमा धेरै ठाउँमा नेवारी अक्षर लेखिएको र जेठी लेख्नुपर्नेमा जेथी लेखिएकोले यो कुण्डलीसङ्ग्रह नेवार ज्योतिषीले तयार गरेको देखिन्छ। यो कुण्डलीसङ्ग्रह तयार गर्नेलाई संस्कृत भाषाको राम्रो ज्ञान थिएन भन्ने कुराको प्रमाणको रूपमा वर्मणकस्य, सीरोमनीसर्मण, शृम्म्, हर्षजंगथापास्य, पंचमिपरचौथिम्या तिथौ लेखिएकोलाई देखाउनु नै पर्याप्त होला।

यसमा सबभन्दा पहिलो जन्मकुण्डली वि. सं. १८५८ को गणेशकुमारी (जङ्गबहादुरकी आमा)को; पछिल्लो वि. सं. १९६८ को कवीन्द्रबहादुर सिजापतिका छोराको छ। जङ्गबहादुरकी आमा, जङ्गबहादुर र जङ्गबहादुरका ३ छोरा भीमजङ्ग, नरदीपजङ्ग र जीतजङ्गसमेत ५ जनाको[४] जन्मकुण्डली र थोरै विवरण मात्र पछि लेखिएको स्पष्ट देखिने हुनाले वास्तवमा पुराना ज्योतिषीले पूरा विवरणसहित तयार गरेको सबभन्दा पुरानो जन्मकुण्डलीचाहिँ बडागुरुज्यू विजयराजको वि. सं. १८६२ को हो। कसैकसैको त मृत्युसमय पनि यहाँ दिइएको छ । यिनमा सबभन्दा पछिल्लो वि. सं. २००७ को देखिएकोले यसमा टिपोट त्यस वेलासम्म पनि गरिँदै रहेको देखिन्छ। तर ती अक्षर फरक छन् भन्ने कुरा यस प्रसङ्गमा स्मरणीय छ। ठाउँठाउँमा गुणनचिह्न दिइएको र सन्यो तथा चिन्हा लेषीसकेको लेखिएकोले पहिले टिप्पनको रूपमा रहेको यस जन्मकुण्डलीबाट ठूलो चिना बनाइएको देखिन्छ । कहीँकहीँ १५ नं भनी लेखिएको देखिएकोले ज्योतिषीले सजिलोको लागि सङ्ख्या पनि राख्ने गरेको देखिन्छ । केही टिप्पनमा राजगुरु विजयराज, श्रीकाहिला महारानी प्रसाद-लक्ष्मी, रेनुका भीत्रयानी, श्री ३ महाराज रणउद्दिपसिंहस्य जेठि रानि, श्रीमेजरइश्वरीप्रसादपाध्या

---

४. जगत्शमशेर र धीरशमशेर २ भाइको मूल खण्डमा र यस संक्षिप्त खण्डमा पनि छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

इत्यादि लेखिएकोले यो जन्मकुण्डली तयार गर्ने ज्योतिषीले ती मानिस अधिकारमा पुगेपछि यो सङ्ग्रह तयार गरेको देखिन्छ भने पछिल्लो समयका जन्मकुण्डलीमा फलानाका छोरा वा छोरी भनी लेखिएको देखिएकोले उनीहरूको जन्मकालमै त्यो तयार भएको देखिन्छ ।

वि. सं. १८५८ को गणेशकुमारी (जङ्गबहादुरकी आमा)को जन्मकुण्डलीबाट शुरू भएको यस पुस्तकमा दोस्रो जन्मकुण्डलीको रूपमा वि. सं. १८६२ को राजगुरु विजयराजको जन्मकुण्डली छ। त्यसपछि वि. सं. १८७० को श्री ५ राजेन्द्रको, वि. सं. १८७४ को जङ्गबहादुरको र वि. सं. १८७५ को प्रसादलक्ष्मी (जङ्गबहादुरकी रानी)को जन्मकुण्डली यसमा दिइएको छ । वि. सं. १८७७ को बद्रीनरसिंह (जङ्गबहादुरका साहिँला भाइ)को जन्मकुण्डली यसमा छ। वि. सं. १८८० को कृष्णबहादुर (जङ्गबहादुरका काहिँला भाइ)-समेत २ जनाको जन्मकुण्डली यसमा छ। वि. सं. १८८२ को रणोद्दीपसिंहको जन्मकुण्डली दिइएको छ भने वि. सं. १८८३ को हिरण्यगर्भकुमारी (जङ्गबहादुरकी बडामहारानी)समेत ३ जनाको जन्मकुण्डली दिएइको छ। वि. सं. १८८४ को धीरशमशेरको र वि. सं. १८८५ को रणोद्दीपसिंहकी जेठी रानीको जन्मकुण्डली दिइएको छ। यसपछि वि. सं. १८८६ को श्री ५ सुरेन्द्रसमेत २ जनाको जन्मकुण्डली छ भने वि. सं. १८८७ को श्री ५ सुरेन्द्रका साहिँला बडामहारानीसमेत २ जनाको जन्मकुण्डली छ। वि. सं. १८८८ को मीनारानी (जङ्गबहादुरकी रानी)समेत २ जनाको जन्मकुण्डली छ। वि. सं. १८९० को माहिला रानीसाहेब-को जन्मकुण्डली छ। वि. सं. १८९५ को तिलविक्रम बस्न्यातसमेत २ जनाको र वि. सं. १८९६ को एक-कुमारीको छ। वि. सं. १८९७ को चन्द्रप्रकाश शाहसमेत ४ जनाको, वि. सं. १८९८ को शेरबहादुर खत्रीसमेत ३ जनाको; वि. सं. १८९९ को रामदास वैद्यको र वि. सं. १९०० को जीना (जङ्गबहादुरकी भितिनी)समेत २ जनाको जन्मकुण्डली छ। वि. सं. १९०२ को देवीबहादुर खत्रीको, वि. सं. १९०३ को भीमजङ्ग (जङ्ग-बहादुरका छोरा)को, वि. सं. १९०४ को युवराज त्रैलोक्यसमेत ३ जनाको, वि. सं. १९०५ को फत्यबहादुर राणासमेत ४ जनाको, वि. सं. १९०६ को सरदार कृष्णमानसमेत २ जनाको, वि. सं. १९०७ को प्रकाशविक्रम शाहसमेत ४ जनाको, वि. सं. १९०८ को तेजबहादुरसमेत ७ जनाको, वि. सं. १९०९ को खड्गकुमारीसमेत ४ जनाको, वि. सं. १९१० को सुब्बा खगराम जोशीसमेत ७ जनाको, वि. सं. १९११ को नन्दलाल भारसमेत ७ जनाको, वि. सं. १९१२ को सेतीमैयाँ (जङ्गबहादुरकी छोरी) समेत ४ जनाको, वि. सं. १९१३ को खरीदार दुर्गाप्रसादसमेत ५ जनाको, वि. सं. १९१४ को सुब्बा शेरमानसमेत ६ जनाको, वि.सं. १९१५ को जगत्कुमारी-समेत ७ जनाको, वि.सं. १९१६ को चोककुमारी (जङ्गबहादुरकी छोरी)समेत ११ जनाको, वि. सं. १९१७ को खड्गबहादुर शाहसमेत ५ जनाको, वि. सं. १९१८ को काशीनाथ आचार्यसमेत ८ जनाको, वि. सं. १९१९ को देवशमशेरसमेत ४ जनाको, वि. सं. १९२० को चन्द्रशमशेरसमेत ४ जनाको, वि. सं. १९२१ को हर्षजङ्ग (जङ्गबहादुरका भितिनी पट्टिका छोरा)समेत ४ जनाको, वि. सं. १९२२ को भीमशमशेरसमेत ३ जनाको; वि. सं. १९२३ को खरीदार कृष्णध्वज जोशीसमेत ३ जनाको, वि. सं. १९२४ को फत्यशमशेर (धीरशमशेरका

CC-0. Nepal Sanskrit Academy, Kathmandu

छोरा)समेत ४ जनाको,वि. सं. १९२५ को अम्बरकुमारीसमेत ५ जनाको, वि. सं. १९२६ को डिट्ठा तिलविक्रम-समेत ७ जनाको, वि. सं. १९२७ को धीरेन्द्रविक्रम शाहकी छोरीसमेत २ जनाको, वि. सं. १९२८ को कान्छा कालिगढसमेत ९ जनाको, वि. सं. १९२९ को पुण्यप्रतापजङ्ग (जगत्जङ्गका छोरा)समेत १० जनाको, वि. सं. १९३० को मीरसुब्बा मीनबहादुरसमेत १२ जनाको, वि. सं. १९३१ को दुर्गाशमशेर (धीरशमशेरका भित्रिनीपट्टिका छोरा)समेत ७ जनाको, वि. सं. १९३२ को जुद्धशमशेरसमेत १३ जनाको, वि. सं. १९३३ को दिलदारपरी (पृथ्वीवीरविक्रमकी भित्रिनी)समेत १९ जनाको, वि. सं. १९३४ को वीरजङ्ग बिष्टसमेत १४ जनाको, वि. सं. १९३५ को गुरुपुरोहित प्रयागराजकी जेठी पत्नीसमेत २ जनाको, वि. सं. १९३६ को तार्क्ष्यविक्रम राणासमेत १८ जनाको, वि. सं. १९३७ को रुद्रशमशेरकी कान्छी रानीसमेत ५ जनाको, वि सं. १९३८ को हर्षशमशेर (धीरशमशेरका भित्रिनीपट्टिका छोरा)समेत ७ जनाको, वि. सं. १९३९ को रूपनरसिंह (ध्वजनरसिंहकी भित्रिनीपट्टिका छोरा)समेत ७ जनाको, वि. सं· १९४० को जगत्जङ्गकी छोरीसमेत ४ जनाको, वि. सं. १९४१ को राजकुमारी (यदुशमशेरकी कान्छी रानी)समेत ११ जनाको, वि. सं. १९४२ को मोहनशमशेरसमेत ५ जनाको, वि. सं. १९४३ को प्रतापशमशेर (वीरशमशेरका छोरा)समेत ३ जनाको, वि. सं. १९४४ को बबरशमशेरसमेत ६ जनाको, वि. सं. १९४५ को चक्षुशमशेर (देवशमशेरका छोरा)समेत ५ जनाको, वि. सं. १९४६ को गेहेन्द्रबहादुर शाहसमेत ४ जनाको, वि. सं. १९४७ को अमृतसिंह (यदुशमशेरका छोरा)समेत ४ जनाको,वि. सं.१९४८ को केसरशमशेरसमेत ४ जनाको, वि. सं. १९४९ को लीलादेवी (फत्यशमशेरकी छोरी)-समेत ७ जनाको, वि. सं. १९५० को युगेश्वरी (यदुशमशेरकी माहिंली छोरी)समेत ४ जनाको, वि. सं. १९५१ को आनन्दशमशेर (वीरशमशेरका छोरा)समेत ६ जनाको, वि. सं. १९५२ को तेजराजशमशेर (रुद्रशमशेरका छोरा)समेत ६ जनाको, वि. सं. १९५३ को धनशमशेर (रुद्रशमशेरका छोरा)समेत ९ जनाको, वि. सं. १९५४ को पूर्णकृष्ण भारोसमेत ६ जनाको, वि. सं. १९५५ को बाबाहजुरी (रुद्रशमशेरकी छोरी)समेत ३ जनाको, वि. सं. १९५६ को लालकृष्ण भारोसमेत ३ जनाको, वि. सं. १९५७ को पूर्णविक्रम शाहसमेत २ जनाको, वि. सं. १९५८ को कीरेन्द्रविक्रम शाहसमेत ४ जनाको, वि. सं. १९५९ को नगेन्द्रशमशेर-समेत ४ जनाको, वि. सं. १९६० को टङ्कशमशेर (मोहनशमशेरका छोरा)समेत ४ जनाको जन्मकुण्डली छ। वि. सं. १९६२ को भुवनशमशेरकी छोरीसमेत ४ जनाको, वि. सं. १९६३ को अम्बरराजेश्वरी (खम्बशमशेरकी छोरी)समेत ४ जनाको, वि. सं. १९६४ को घनबहादुर शाहसमेत ३ जनाको, वि. सं. १९६५ को तेजराज-शमशेरका काहिँला छोरासमेत २ जनाको, वि. सं. १९६६ को मदनदिव्येश्वरी (प्रतापशमशेरकी काहिँली छोरी)समेत ३ जनाको, वि. सं. १९६७ को खम्बशमशेरकी छोरीसमेत २ जनाको र वि. सं. १९६८ को कवीन्द्रबहादुर सिजापतिका छोराको जन्मकुण्डली छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

यसरी यस कुण्डलीसङ्ग्रहले वि. सं. १८५८ देखि वि. सं. १९६८ सम्मको १११ वर्षलाई समेटे तापनि बीचबीचमा गरी २४ वर्षका[5] कुनै जन्मकुण्डली यसमा नपरेकाले वास्तवमा यसले ८७ वर्षलाई मात्र ओगटेको छ भनी भन्नुपर्छ । यो ८७ वर्षभित्र जन्मेका ४०४ जनाको जन्मकुण्डली यहाँ दिइएका छन् । तिनमध्ये ५४ जनाको चाहिँ मरणवर्ष पनि दिइएको छ । तिनमा केहीको मृत्युको पूरै मिति, केहीको तिथिसम्म, केहीको पक्षसम्म, केहीको महीनासम्म र केहीको साल मात्र भए पनि दिइएको छ ।

खास गरी शासकवर्गका र भारादारहरूका, त्यसमा पनि राणाजीहरूका नै जन्मकुण्डलीको सङ्ग्रह यो हो भनी बोल्दा बढ्ता बोलेको ठहरोइन । दरबारसँग सम्बन्ध भएको ज्योतिषीको वंशले यो कुण्डलीसङ्ग्रह तयार गरेको देखिन्छ । काशीपुरका राजा हरिराजसिंहका वि. सं. १९५१, १९५३ र १९५४ मा जन्मेका तीनजना छोरीको जन्मकुण्डली पनि यहाँ परेकाले विवाहको लागि चिना जुराउने क्रममा यिनको सङ्ग्रह भएको हुनुपर्छ । वि. सं. १९२४ मा काशीपुरका राजा शिवराजसिंहकी छोरीसँग श्री ३ जङ्गबहादुरका जेठा छोरा जगत्जङ्गको विवाह भएको कुरा[6] यस प्रसङ्गमा स्मरणीय छ । यी शिवराजसिंह इ. सं. १८३६ (वि. सं. १८९२/९३)देखि इ. सं. १८८६ (वि. सं. १९४२/४३)सम्म काशीपुर (कुमाउको तराई)का राजा

---

५. वि. सं. १८५९– वि. सं. १८६१=३ वर्ष
वि. सं. १८६३– वि. सं. १८६९=७ वर्ष
वि. सं. १८७१– वि. सं. १८७३=३ वर्ष
वि. सं. १८७६ =१ वर्ष
वि. सं. १८७८– वि. सं. १८७९=२ वर्ष
वि. सं. १८८१ =१ वर्ष
वि. सं. १८८९ =१ वर्ष
वि. सं. १८९१– वि. सं. १८९४=४ वर्ष
वि. सं. १९०१ =१ वर्ष
वि. सं. १९६१ =१ वर्ष
२४ वर्ष

६. वि. सं. १९६६ मा अलाहाबादबाट प्रकाशित, अभयचरण मुकर्जीद्वारा सम्पादित, पद्मजङ्ग बहादुर राणाको लाइफ् अफ् महाराजा सर् जङ्ग बहादुर...अफ् नेपाल् (नेपालका महाराज सर जङ्गबहादुरको जीवनी)को २७७ पृ.

वि. सं. २०४७ मा वाराणसीबाट परमवीरशमशेर ज. ब. राणाद्वारा प्रकाशित पुरुषोत्तमशमशेर ज. ब. राणाको श्री ३ हरूको तथ्य वृत्तान्त (१ भाग)को ११७ पृ.

CC-0. Nepal Sanskrit Academy, Kathmandu

थिए । यिनी मरेपछि यिनका जेठा छोरा हरिराजसिंह काशीपुरका राजा भए । यिनको मृत्यु इ. सं. १८९८ (वि. सं. १९५४/५५)मा भएको थियो ।[7]

यस कुण्डलीसङ्ग्रहमा सबभन्दा बढी शकसंवत्को प्रयोग भएको छ, यो ज्योतिषपरम्पराको अनुकूल छ । शकसंवत्भन्दा अलि केही कम विक्रमसंवत् र त्यसभन्दा पनि धेरै कम नेपालसंवत्को प्रयोग भएको छ । नेपालसंवत्को प्रयोग नेवारहरूको जन्मकुण्डलीमा खास गरी भएको छ । नेवारहरूको जन्मकुण्डलीमा शकसंवत् र विक्रमसंवत्को पनि प्रयोग भएको कुरा यस प्रसङ्गमा स्मरणीय छ । श्री ३ रणोद्दीपसिंहको जेठी तथा कान्छी रानीको जन्मकुण्डलीमा नेपालसंवत्को पनि प्रयोग हुनु र श्री ५ राजेन्द्रका माहिला छोरा उपेन्द्रविक्रम शाहको जन्मकुण्डलीमा नेपालसंवत् मात्र लेखिनु चाखलाग्दो छ ।

यस कुण्डलीसङ्ग्रहले ओगटेको समयभित्र जन्मेका राजा र युवराजमध्ये वि. सं. १९६३ मा जन्मेका श्री ५ त्रिभुवनको छोडेर अरू सबैको जन्मकुण्डली यहाँ छ । यही समयभित्र जन्मेका राणा प्रधानमन्त्रीहरूमा वमबहादुरको र श्री ३ महाराजहरूमध्ये पद्मशमशेरको जन्मकुण्डली यहाँ परेको छैन । जङ्गबहादुरका जेठा छोरा जगत्जङ्गका युद्धप्रतापजङ्गलगायत छोराहरूको जन्मकुण्डली यहाँ छ, तर जगत्जङ्गको जन्मकुण्डली भने यहाँ छैन ।

जन्मसंवत् तथा मिति नलेखिएको कुण्डली र मृत्युसंवत्को आधारमा वि. सं. १८६२ माघमा विजयराज जन्मेका हुन् भनी प्रकाश ए. राजको **विजयराज पण्डित (जीवनी)**मा लेखिएको छ ।[8] यस कुण्डलीसङ्ग्रहमा विजयराजको जन्म वि.सं. १८६२ माघ १६ गते भनी लेखिएकोले विजयराजको जीवनीमा गरिएको निर्णय प्रामाणिक ठहरिएको छ ।

यो कुण्डलीसङ्ग्रह अरू सामग्रीसँग दाँज्दा प्रामाणिक ठहरिएको छ । ती सबैको उल्लेख यहाँ गर्न सकिँदैन तापनि उदाहरणको रूपमा श्री ५ राजेन्द्र,[9] श्री ३ जङ्गबहादुर[10], धीरशमशेर[11],

---

७. वि. सं. १९९४ मा अलमोडाबाट बदरीदत्त पाँडेद्वारा प्रकाशित, उनको **कुमाऊँ** का इतिहासका ४४१–४४२ पृ.

८. वि. सं. २०५३ मा काठमाडौँबाट नवीन पब्लिकेशन्सद्वारा प्रकाशित प्रकाश ए. राजको **विजयराज पण्डित (जीवनी)**को २ पृ.

९. वि. सं. २०३५ मा प्रकाशित **पूर्णिमा** ४० अङ्कका १५५–२७६ पृष्ठमा छापिएको नयराज पन्तको **श्री ३ महाराज पद्मशमशेरका कुरा** भन्ने निबन्ध, त्यस अङ्कका १७४–१७५ पृ.

१०. वि. सं. २०३३मा काठमाडौँबाट श्री ५ को सरकार शिक्षामन्त्रालय पुरातत्त्वविभाग राष्ट्रिय अभिलेखालयद्वारा प्रकाशित शङ्करमान राजवंशीको **ऐतिहासिक–कुण्डली**को २१८ पृ.

११. वि. सं. २०१७ मा काठमाडौँबाट नयराज पन्तद्वारा विरचित तथा प्रकाशित **विद्या-रक्षा (४ संख्या)**को ६ पृ.

CC-0. Nepal Sanskrit Academy, Kathmandu

श्री ५ सुरेन्द्र[12], उपेन्द्रविक्रम शाह[13], पद्मजङ्ग[14], श्री ३ जुद्ध[15] र श्री ५ पृथ्वीवीरविक्रमको[16] उल्लेख गर्नु नै पर्याप्त होला । यसो भए तापनि लेख्दा लेख्दै हात खुस्किएर हो वा अरू केही कुराले यसमा केही दोष पनि रहन गएका छन् । उदाहरणको रूपमा शाके १७७३ [वि. सं. १९०८]को ताराकुमारीको जन्मकुण्डलीमा पञ्चमी-उप्रान्त षष्ठी लेख्नुपर्नेमा पञ्चमीउप्रान्त चतुर्थी लेखिएको, वि. सं. १९४१ को तेजशमशेरको जन्मकुण्डलीमा कहीं माघ १४ गते र कहीं माघ १३ गते लेखिएकोलाई देखाउनु पर्याप्त होला । यसमा थप उदाहरणको रूपमा बडागुरुज्यू विजयराज परलोक भएको मिति दिंदा ३५ साल माघ स्वर्गी लेखिसकेपछि त्यही पङ्क्तिमा कार्त्तिक लेखी शङ्का उठाउनुलाई पनि देखाउन सकिन्छ ।

यसमा जम्मा ४०४ जनाको जन्मकुण्डली छ भनी माथि लेखिसकिएको छ । वि. सं. २०३१ मा रूपरेखामा त्रैलोक्यविक्रम शाह, धीरशमशेरका १७ जना छोरा र काहिंली छोरीको[17]; वि. सं. २०३३ मा ऐतिहासिक-कुण्डलीमा श्री ५ राजेन्द्र, श्री ५ सुरेन्द्र र श्री ३ रणोद्दीपको[18] तथा वि सं. २०५१ मा पूर्णिमा ८७ अङ्कमा युद्धप्रतापजङ्गको[19] समेत जम्मा २३ जनाकोबाहेक अरूको अप्रकाशित छ । यसैले यसको प्रकाशनले त्यस समयको नेपालको इतिहास तयार पार्न मदत मिल्ने भएकोले पूर्णिमाको यस अङ्कमा प्रकाश गरिएको हो ।

यस कुण्डलीसङ्ग्रहबाट वि. सं. १८५८ देखि १९६८ भित्रका धेरै व्यक्तिहरूको जन्ममितिमा र त्यसमा पनि बढी सङ्ख्यामा राणाजीहरूको जन्ममितिमा प्रकाश परेको छ भन्ने कुरा भरखरै माथि लेखियो । केही

---

१२. वि. सं. २०२३ मा प्रकाशित पूर्णिमा ११ अङ्कमा छापिएको दिनेशराज पन्तको दैवज्ञशिरोमणि लक्ष्मीपति पाँडे भन्ने निबन्ध, त्यस अङ्कका ४४–४५ पृ.

१३. पूर्णिमा ४० अङ्कको १७३ पृ.

१४. वि.सं. २०५१ मा प्रकाशित पूर्णिमा ८७ अङ्कका १–२२ पृष्ठमा छापिएको नयराज पन्त (सहायक–देवीप्रसाद भण्डारी)को जङ्गबहादुरको राजभक्ति भन्ने निबन्ध, त्यस अङ्कको १२ पृ.

१५. ऐतिहासिक-कुण्डलीको २३३ पृ.

१६. ऐजन १९० पृ.

१७. वि. सं. २०३१ मा काठमाडौंबाट रूपायनप्रकाशनद्वारा प्रकाशित रूपरेखा १५७ पूर्णाङ्कमा छापिएको नयराज पन्त (सहायक–दिनेशराज पन्त)को सेतो बाघको ऐतिहासिक परीक्षा भन्ने निबन्ध, त्यस अङ्कका २७, २८–२९, ३८–४० पृ.

१८. ऐतिहासिक–कुण्डलीका १८४ , १८६, २२१ पृ.

रणोद्दीपको जन्म वैशाख २२ गते लेख्नुपर्नेमा वैशाख २ गते भनी ऐतिहासिक-कुण्डलीमा लेखिएको कुरा यसप्रसङ्गमा स्मरणीय छ ।

१९. पूर्णिमा ८७ अङ्कको १३ पृ.

CC-0. Nepal Sanskrit Academy, Kathmandu

कालयता प्रकाशित भएका राणाकालसम्बन्धी पुस्तकहरूमध्ये पुरुषोत्तमशमशेर ज. ब. राणाको श्री ३ हरूको तथ्य वृत्तान्त[20] र एड्रियन सेभरको नेपाल् अन्डर् द राणाज्[21]नामक पुस्तक चर्चित छन् । यी पुस्तकका रचयिताले आफूले पाएसम्म राणाजी र तात्कालिक अरू व्यक्तिको जन्ममिति तथा मृत्युमिति पनि दिएका छन् । यस कुण्डलीसङ्ग्रहबाट ती पुस्तकमा दिइएका मितिमा केही संशोधन र थप कुरामा पनि नयाँ प्रकाश परेका छन् । ती सबैको उल्लेख यहाँ गर्न सम्भव छैन । उदाहरणको रूपमा केही कुरा तल दिइन्छन् ।

सबभन्दा पहिले पुरुषोत्तमशमशेरको पुस्तकमा परेका अशुद्धि वा कमीतर्फ केही दृष्टि दिऔं ।

पुरुषोत्तमशमशेर	कुण्डलीसङ्ग्रह
१. त्रैलोक्यविक्रम शाहको जन्म वि. सं. १९०४ मार्गकृष्ण ८ पुनर्वसुनक्षत्रमा[22]	त्रैलोक्यविक्रम् शाहको जन्म वि. सं. १९०४ मार्गकृष्ण ८ उप्रान्त ९ पूर्वफाल्गुनीनक्षत्रमा[23]
२. भीमजङ्गको जन्म वि. सं. १८९५[24] तथा वि. सं. १८९६ पौषभन्दा अघि[25]	भीमजङ्गको जन्म वि. सं. १९०३ मा[26]
३. पद्मजङ्गको जन्म वि. सं. १९१४ मार्गको पछिल्लो हप्तामा[27]	पद्मजङ्गको जन्म वि. सं. १९१४ कार्तिक २८ गते[28]
४. कृष्णबहादुरको मृत्यु वि. सं. १९१९ चैत्रभन्दा अघि[29]	कृष्णबहादुरको मृत्यु वि. सं. १९२० श्रावणकृष्ण १२ मा[30]
५. बद्रीनरसिंहको मृत्यु वि. सं. १९३० वैशाखमा[31]	बद्रीनरसिंहको मृत्यु वि. सं. १९३१ वैशाखमा[32]

---

२०. वि. सं. २०४७ मा वाराणसीबाट परमवीरशमशेर ज. ब. राणाद्वारा प्रकाशित पुरुषोत्तमशमशेर ज. ब. राणाको श्री ३ हरूको तथ्य वृत्तान्त (१ र २ भाग)

२१. वि. सं. २०४९ मा नयाँ दिल्लीबाट अक्सफोर्ड यान्ड आईबीएच पब्लिशिङ कं. प्रा. लि. द्वारा प्रकाशित एड्रियन सेभरको नेपाल् अन्डर् द राणाज् (राणाअन्तर्गतको नेपाल)

२२. १ भागका ३३–३४ पृ. । २३. ३८ सङ्ख्या । २४. १ भागको १ पृ. । २५. १ भागका ३४, १६१ पृ. ।
२६. ३६ सङ्ख्या । २७. १ भागको ९३ पृ. । २८. ८६ सङ्ख्या । २९. १ भागको १११ पृ. ।
३०. ७ सङ्ख्या । ३१. १ भागको १३२ पृ. । ३२. ६ सङ्ख्या ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

६.	श्री ५ सुरेन्द्रकी साहिँली बडामहारानीको मृत्यु वि. सं. १९३३ माद्र ८ गते[33]	श्री ५ सुरेन्द्रकी साहिँली बडामहारानीको मृत्यु वि. सं. १९३३ भाद्रशुक्ल ८ आदित्यवार[34] [भाद्र १३ गते][35]
७.	जङ्गबहादुरकी नौली महारानीतर्फ सन्तान भयो भएन-थाहा भएन[36] तथा सूर्यकुमारी जङ्गबहादुरकी कुन रानीतर्फकी छोरी हुन् थाहा भएन[37]	जङ्गबहादुरकी नौली महारानीतर्फबाट सूर्यकुमारी वि. सं. १९१६ मा जन्मेकी हुन्[38]
८.	आमाको नाम थाहा नपाइएका जङ्गबहादुरका छोरीहरूको सूचीमा सेती मैयाँको पनि नाम छ[39]	सेती मैयाँकी आमा वदनी हुन् भन्ने थाहा पाइन्छ[40]
९.	मुमाको नाम थाहा नभएका, जङ्गबहादुरका छोराहरूको सूचीमा हर्षजङ्गको उल्लेख[41]	जङ्गबहादुरकी भित्रिनी गजवदनतर्फबाट वि. सं. १९२१ माघ २८ गते हर्षजङ्गको जन्म[42]
१०.	त्रैलोक्यविक्रमको मृत्यु वि. सं. १९३४ चैत्र १२ गते[43]	त्रैलोक्यविक्रमको मृत्यु वि. सं. १९३४ चैत्रकृष्ण १२ शनिवार[44] [चैत्र १९ गते][45]
११.	जगत्शमशेरको मृत्यु वि. सं. १९३६ ज्येष्ठ ६ गते[46]	जगत्शमशेरको मृत्यु वि. सं. १९३६ ज्येष्ठकृष्ण ६ आदित्यवार[47] [वैशाख ३० गते][48]
१२.	श्री ५ सुरेन्द्रको मृत्यु वि. सं. १९३८ ज्येष्ठ ४ गते[49]	श्री ५ सुरेन्द्रको मृत्यु वि. सं. १९३८ ज्येष्ठकृष्ण ४ मङ्गलवार[50] [ज्येष्ठ ६ गते][51]
१३.	श्री ५ राजेन्द्रको मृत्यु वि. सं. १९३८ श्रावण १ गते[52]	श्री ५ राजेन्द्रको मृत्यु वि. सं. १९३८ श्रावणकृष्ण १ मङ्गलवार[53] [आषाढ ३० गते][54]
१४.	धीरशमशेरको मृत्यु वि. सं. १९४१ कार्तिक ११ गते[55]	धीरशमशेरको मृत्यु वि. सं. १९४१ कार्तिककृष्ण १० मङ्गलवार[56] [आश्विन ३० गते][57]

---

३३. १ भागको १५२ पृ. । ३४. १७ सङ्ख्या । ३५. पात्रोबाट । ३६. १ भागको १६३ पृ. । ३७. १ भागको १६५ पृ. । ३८. १०० सङ्ख्या । ३९. १ भागको १६५ पृ. । ४०. ७५ सङ्ख्या । ४१. १ भागको १६५ पृ. । ४२. १३१ सङ्ख्या । ४३. १ भागको १८५ पृ. । ४४. ३८ सङ्ख्या । ४५. पात्रोबाट । ४६. १ भागको १९० पृ. । ४७. १२ सङ्ख्या । ४८. पात्रोबाट । ४९. १ भागको १९६ पृ. । ५०. १५ सङ्ख्या । ५१. पात्रोबाट । ५२. १ भागको १९७ पृ. । ५३. ३ सङ्ख्या । ५४. पात्रोबाट । ५५. १ भागको २०३ पृ. । ५६. १३ सङ्ख्या । ५७. पात्रोबाट ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

१५. गेहेन्द्रशमशेरको मृत्यु वि. सं. १९६४ भाद्र-शुक्ल ४ मा[58]	गेहेन्द्रशमशेरको मृत्यु वि. सं. १९६४ आश्विनकृष्ण ६ मा[59]

अब एड्रियन सेभरको पुस्तकमा देखिन गएका अशुद्धि वा कमीको केही चर्चा गरौं ।

एड्रियन सेभर	कुण्डलीसङ्ग्रह
१. बद्रीनरसिंहको जन्म इ. सं. १८२१ आसन्न [वि. सं. १८७७/७८ आ.]मा[60]	बद्रीनरसिंहको जन्म वि. सं. १८७७ श्रावण १७ गते[61]
२. धीरशमशेरको जन्म इ. सं. १८२८ आसन्न [वि. सं. १८८४/८५ आ.]मा[62]	धीरशमशेरको जन्म वि. सं. १८८४ कार्तिक १४ गते[63]
३. धीरेन्द्रविक्रम शाहको परिचय दिँदा जन्म-मिति र मृत्युमिति दिइएको छैन[64]	धीरेन्द्रविक्रम शाहको जन्म वि. सं. १९०८ श्रावण १२ गते र मृत्यु वि. सं. १९३३ ज्येष्ठकृष्ण ७ मा[65]
४. ध्वजनरसिंहको परिचयमा जन्ममिति दिइएको छैन[66]	ध्वजनरसिंहको जन्म वि. सं. १९११ माघ ६ गते[67]
५. हिरण्यगर्भकुमारीको परिचयमा जन्ममिति दिइएको छैन[68]	हिरण्यगर्भकुमारीको जन्म वि. सं. १८८३ वैशाख ६ गते[69]
६. जगत्शमशेरको जन्म इ. सं. १८२७ आसन्न [वि. सं. १८८३/८४ आ.]मा[70]	जगत्शमशेरको जन्म वि. सं. १८८३ चैत्र २९ गते[71]
७. युद्धप्रतापजङ्गको परिचयमा जन्ममिति दिइएको छैन[72]	युद्धप्रतापजङ्गको जन्म वि. सं. १९२२ मार्ग ७ गते[73]
८. खड्गशमशेरको जन्म इ. सं. १८६१ फेब्रुअरी १६ [वि. सं. १९१७ फाल्गुन]मा[74]	खड्गशमशेरको जन्म वि. सं. १९१७ माघ १ गते[75]

---

५८. २ भागको ६४ पृ. । ५९. १९३ सङ्ख्या । ६०. ५१, ४६३ पृ. । ६१. ६ सङ्ख्या ।
६२. ५१, ४६६ पृ. । ६३. १३ सङ्ख्या । ६४. ४६६ पृ. । ६५. ५३ सङ्ख्या ।
६६. ४६६ पृ. । ६७. ७१ सङ्ख्या । ६८. ४६८ पृ. । ६९. १० सङ्ख्या ।
७०. ५१, ४६८ पृ. । ७१. १२ सङ्ख्या । ७२. ४६८ पृ. । ७३. १३५ सङ्ख्या ।
७४. ४६९ पृ. । ७५. ११२ सङ्ख्या ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

९. कृष्णबहादुरको जन्म इ. सं. १८२३ आसन्न [वि. सं. १८७९/८० आ.]मा[76]	कृष्णबहादुरको जन्म वि. सं. १८८० आश्विन-कृष्ण ५ मा[77]
१०. ललितकुमारीको परिचयमा जन्ममिति दिइएको छैन[78]	ललितकुमारीको जन्म वि. सं. १९११ चैत्र ९ गते[79]
११. नरेन्द्रविक्रम शाहको जन्म इ. सं. १८४९ [वि. सं. १९०५/६]मा[80]	नरेन्द्रविक्रम शाहको जन्म वि. सं. १९०८ आश्विन ८ गते[81]
१२. पद्मजङ्गको जन्म इ. सं. १८५७ डिसेम्बर १० [वि. सं. १९१४ मार्ग २७ गते][82]	पद्मजङ्गको जन्म वि. सं. १९१४ कार्तिक २८ गते[83]
१३. रणशमशेरको परिचयमा जन्ममिति दिइएको छैन, मृत्युचाहिं इ. सं. १८८७ मार्च [वि. सं. १९४३ फाल्गुन/चैत्र]को ३ महीनाभित्र[84]	रणशमशेरको जन्म वि. सं. १९१८ मार्ग १० गते र मृत्यु वि. सं. १९४४ ज्येष्ठकृष्ण १३ मा[85]
१४. रणोद्दीपसिंहको जन्म इ.सं. १८२५ अप्रिल ३ [वि. सं. १८८१ चैत्र]मा[86]	रणोद्दीपसिंहको जन्म वि. सं. १८८२ वैशाख २२ गते[87]
१५. रुद्रशमशेरको जन्म इ. सं. १८७९ [वि. सं. १९३५/३६]मा[88]	रुद्रशमशेरको जन्म वि. सं. १९३५ फाल्गुन १८ गते[89]
१६. तेजशमशेरको जन्म इ. सं. १८८५ [वि. सं. १९४१/४२]मा[90]	तेजशमशेरको जन्म वि. सं. १९४१ माघशुक्ल ९ मा[91]
१७. विजयराज पाँडेको परिचयमा जन्ममिति र मृत्यु-मितिको उल्लेख छैन[92]	विजयराज पाँडेको जन्म वि. सं. १८६२ माघ १९ गते र मृत्यु वि. सं. १९३५ माघमा[93]

पुरुषोत्तमशमशेर र एड्रियन सेभरको पुस्तकमा भएका अशुद्धि तथा कमीका यी केही नमूना हुन् । सबैको उल्लेख यहाँ गर्नु सम्भव छैन ।

---

७६. ५१, ४६९ पृ. । ७७. ७ सङ्ख्या । ७८. ४७० पृ. । ७९. ७४ सङ्ख्या ।
८०. ४७१ पृ. । ८१. ५४ सङ्ख्या । ८२. ४७१ पृ. । ८३. ८६ सङ्ख्या ।
८४. ४७३ पृ. । ८५. ११६ सङ्ख्या । ८६. ४७४ पृ. । ८७. ९ सङ्ख्या ।
८८. ४७४ पृ. । ८९. २४३ सङ्ख्या । ९०. ४७५ पृ. । ९१. २९५ सङ्ख्या ।
९२. ४७६ पृ. । ९३. २ सङ्ख्या ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

यस कुण्डलीसङ्ग्रहमा धेरैजसोमा जन्मकुण्डलीको माथि परिचय दिइएको छ, कहीँकहीँ भने तल पनि दिइएको छ। यस्ता ठाउँमा जसको जन्मकुण्डली हो, त्यसको नाम दिँदा धेरै ठाउँमा अरू सामग्रीको आधारमा पनि नामनिर्धारण गरी कुण्डलीसङ्ग्रहको बयानसँग सङ्गति गरी दिइएको छ। तर केही ठाउँमा भने कुण्डली-सङ्ग्रहमा जे छ, त्यसलाई नै ज्यूँगाटैँसाइ गरिएको छ। यस कुण्डलीसङ्ग्रहमा कुनै क्रम नभएकोमा मिति-क्रम मिलाएर यहाँ दिइएको छ। राणाजीहरूको परिचय दिँदा केही ठाउँमा पाञ्चायनप्रकाशन प्रा. लि. को मदत लिइएको छ।

कुनैकुनैका जन्मकुण्डली र बयान दोहरिएका तेहरिएका पनि छन्। एक अक्षर पनि फरक नपरी दोहरिएका वा तेहरिएका अंश यहाँ दिइएको छैन। तर कुरा उही भए पनि शब्द वा वाक्यमा फरक परेका अंश दोहरिए वा तेहरिए पनि यहाँ दिइएका छन्। लेखदालेखदै अक्षर छुटेकामा यहाँ जस्ताको तस्तै राखिएको छ, फाटेर तथा मूसाले वा कीराले खाई नदेखिएको ठाउँमा (   ) कोष्ठ र खाली छोडेको ठाउँमा थप्न सकिने जति ठाउँमा यस्तो [   ] कोष्ठमा पाठ थपिएको छ।

विशेषत: ऐतिहासिक दृष्टिले यसको जन्ममिति र मृत्युमितिसँग सम्बद्ध भाग मात्र पूर्णिमाको यस अङ्कमा प्रकाश गर्न सकिएको छ। यी सबैको कुण्डली[९४] तथा अरू बयानसहित प्रकाश गर्न नसकेकोमा खेद लागिरहेको छ। यी सबैको राम्रो सङ्ग्रह गरी कुण्डलीसङ्ग्रहमा दिइएका कुरालाई अरू प्रामाणिक सामग्रीसँग दाँजी यसलाई पुस्तकाकारमा प्रकाश गर्ने मेरो विचार छ।

(१)

श्री ३ जङ्गबहादुरकी आमा गणेशकुमारी

जन्म–वि. सं. १८५८

श्री ३ जंगबहादुरको मुमा

शाके १७२३ मार्गशीर्षकृष्ण ।।द्वादशी।।चित्रानक्षत्र।।दिन० शनिवार

(२)

राजगुरु विजयराज

जन्म–वि. सं. १८६२ **मृत्यु–वि. सं. १९३५**

राजगुरु विजयराज

शाके १७२७ सौरमानेन माघमासे दिन १९ गते माघशुक्ल ऐकादशी रोहिनीपरमृगशिलाभुक्त ६।५६ बृहस्पतिवार दिनगत २१।४६ श्रीविजयराजजन्म

३५ साल माघ स्वर्गी कार्त्तिक

९४. कहीँकहीँ कुण्डलीको खाका मात्र कोरी ग्रहहरू नराखिएका पनि यस कुण्डलीसङ्ग्रहमा भेटिएका छन्।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

(३)

श्री ५ राजेन्द्रविक्रम शाह

जन्म–वि. सं. १८७०　　　　　　　　　　　　मृत्यु–वि. सं. १९३८

शाके १७३५ मार्गशुक्ल पूर्णिमा रोहिणीभुक्त २०।३ भौमवार दिनगत ६।३० श्रीराजा राजेन्द्रविक्रमसाह-जन्म

३८ साल श्रावणवदि १ रोज ३ रात्री बाकी ५।७ मा आर्याघातमा स्वर्ग्री

(४)

श्री ३ जङ्गबहादुर

जन्म–वि. सं. १८७४

श्री ३ म. जंगबहादुर

शाके १७३९ आषाढशुक्ल ।। चौठी ।। बुधवार ।। दिन ७ गते अश्लेषाभुक्त १६।२

(५)

जङ्गबहादुरकी काहिँला महारानी प्रसादलक्ष्मी

जन्म–वि. सं. १८७५

शाके १७४० सौरमानेन मार्गशिलमासे दिन २१ गते मार्गशिलशुक्लसप्तमीपरअष्टमी शतभीषाभुक्त ४६।४० रात्री २३।२५ श्रीकाहिला महारानी प्रसादलक्ष्मीजन्म ।।

(६)

कम्याण्डिङ जनरल बद्रीनरसिंह (जङ्गबहादुरका साहिँला भाइ)

जन्म–वि. सं. १८७७　　　　　　　　　　　　मृत्यु–वि. सं. १९३१

बद्रीनरसिं

शाके १७४२ आषाढकृष्ण ४ पूर्वभाद्रभुक्त ४१।८ श्रावणमासे १७ गते शनैश्चरवारसरे दिनगतघटि ३।३१ श्रीवद्रीनरसिंजन्म

३१ साल वैशाखशुदि ८ मा स्वर्गी

CC-0. Nepal Sanskrit Academy, Kathmandu

(७)

कम्याण्डर इन-चीफ् कृष्णबहादुर (जङ्गबहादुरका काहिँला भाइ)

जन्म–वि. सं. १८८० मृत्यु–वि. सं. १९२०

कृष्णबहादूर

शाके १७४५ सौरमानेन कार्तिकमासे दिन [१०] गते शुक्लादि आश्विणकृष्ण पंचमी मृगशीलाभुक्त ४२।१२ शुक्रवार दिनगत १०।३० कृष्णबहादूरजन्म

२० साल श्रावणकृष्ण १२ स्वर्गी मनमास

(८)

रेणुकादेवी

जन्म–वि. सं. १८८०

श्रीरेनुकादेवी

शाके १७४५ सौरमानेन फाल्गुणमासे १० गते कृष्णादि फालगुणकृष्ण षष्टि स्वातिपरविशाषाभुक्त ४० शुक्रवार रात्रि २६।४७ श्रीरेनुका भीत्रयानि जन्म

(९)

श्री ३ रणोद्दीपसिंह

जन्म–वि. सं. १८८२ मृत्यु–वि. सं. १९४२

रणउद्दिपसिंह

शाके १७४७ सौरमानेन वैशाखमासे २२ गते वैशाखशुक्लपौर्णिमा स्वातिनक्षत्रभुक्त ४६।३२ सोमवार दीनगत २२।५७ श्रीरणउद्दिपसिंहजन्म

४२ साल कार्तिकशुदि १५ रोज १ रात्रीघटि ८ स्वर्गी

(१०)

जङ्गबहादुरकी बडामहारानी हिरण्यगर्भकुमारी

जन्म–वि. सं. १८८३

श्रीबडामहारानी

शाके १७४८ चैत्रशु नवमी तिष्यनक्षत्रगम्य ७।१३ वैशाखमासे दिन ६ गते आदित्यवारसरे दिनगतघटी ९।४३ श्रीहिरण्यगर्भकुमारीजन्म ।।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

(११)

चौतरिया रणशेर शाह (फत्यजङ्ग शाहका भाइ)

जन्म–वि. सं. १८८३

नारांहिति

शाके १७४८ आषाढशुक्ल ।। नवमी ।। स्वातिनक्षत्रे घटि ४७।३२ सिद्धियागे ।। सौरमानेन आषाढमासे दिन ३० गते आदित्यवारसरे दिनगतघटि १३।८ गते कंन्यालग्ने श्रीचौत्तरीयारणसेरसाहजन्म

(१२)

क. इ. जगत्शमशेर (जङ्गबहादुरका राहिँला भाइ)

जन्म–वि. सं. १८८३ **मृत्यु–वि. सं. १९३६**

जगत्सम्सेरजंग

शाके १७४८ सौरमानेन चैत्रमासे दिन २९ गते चैत्रशुक्र द्वितिया भरुणी ५४।३१ आदित्यवारसरे दिनगत १६।३१ श्रीजगत्सम्सेरजङ्गजन्म

३६ साल जेष्टवदि ६ रोज १ दीन बाकी १४।१५ स्वर्गी

जगतशम्सेरजङ्ग

शाके १७४८ चैत्रशुक्ल।।द्वितीया दिन २९ रविवार अश्विनीपरभरुणी

(१३)

क. इ. धीरशमशेर (जङ्गबहादुरका कान्छा भाइ)

जन्म–वि. सं. १८८४ **मृत्यु–वि. सं. १९४१**

धीरसम्सेरजंग

शाके १७४९ सौरमानेन कार्त्तिकमासे दिन १४ गते कार्तिकशुक्लनवमी श्रवणाघटि १७।७ पर-धनेष्टानक्षत्रभुक्त ३०।२ आदित्यवारसरे दीनगतघटि ४५।५७ श्रीधीरसम्सेरजङ्गजन्म

४१ साल कार्त्तिकवदि १० में रात्री १४।३० स्वर्गी

धीरसम्सेरजङ्ग

शाके १७४९ कार्त्तिकशुक्ल।।नवमी।।दिन १४ रविवार।।धनिष्टाभुक्त ३०।२

CC-0. Nepal Sanskrit Academy, Kathmandu

(१४)

श्री ३ रणोद्दीपसिंहकी जेठी रानी

जन्म–वि. सं. १८८५

सम्वत् ९४८ शाके १७५० कृष्णादि कार्त्तिककृष्णदशमीपरएकादशी पूर्वफाल्गुणीनक्षत्रे घटि ६।१० ब्रह्मपरैन्द्रयोगे आदित्यवासरे श्रीसूर्योदया गतघटि ३६।४० तथा रात्रीगतघटि १२।१७ कर्कटलग्ने वर्गोनवांशके जन्म श्री ३ महाराजरणउद्दिपसिंहस्य जेठिरानिजन्म

(१५)

श्री ५ सुरेन्द्रविक्रम शाह

जन्म–वि. सं. १८८६ **मृत्यु–वि. सं. १९३८**

श्रीसुरेन्द्रविक्रम साह

शाके १७५१ आश्विनशुक्लषष्टिपरसप्तमी ज्येष्टापरमूलनक्षत्रस्य भुक्तघटि १६।७ सौभाग्ययोग सौरमानेन आश्विनमासे दिन २० गते आदित्यवासरे श्रीसूर्योदयात् घटि २८।३२ गते मीनलग्ने तुलांनवांशके श्रीमत्नृप-सुरेन्द्रविक्रमसाहभूपतिजन्म

३८ सालका ज्येष्टकृष्ण ४ रो ३ का दिन वाकि घटि १४।४५ मा आर्याघाटमा स्वर्गो

(१६)

कजिनीधाई

जन्म–वि. सं. १८८६

कजिनीधाइ

शाके १७५१ कृष्णादि फाल्गुणकृष्ण।।नवमीपरदशमी।।जेष्टाभुक्तघटि ४८।२६ फार्गुणमासे दिन ८ गते बुधवासरे दिनगतघटि ३३।१० रात्रिगतघटि ६।५ गते कन्यालग्ने।।श्रीकजिनीधाइजन्म

(१७)

श्री ५ सुरेन्द्रकी साहिँला बडामहारानी

जन्म–वि. सं. १८८७ **मृत्यु–वि. सं. १९३३**

श्री ५ साहिला बडाम

शाके १७५२ सौरमानेन वैशाखमासे २५ गते वैशाखशुक्ल त्रयोदशी हस्तापरचित्रानक्षत्रभुक्त १८।४५ दिनगत ३५ ५२ श्री ५ साहिला बडामहारानीजन्म

सम्वत् १९३३ साल भाद्रशुदि ८ रो १ दिनगतघटि ७ मा स्वर्गो

CC-0. Nepal Sanskrit Academy, Kathmandu

१८/पूर्णिमा ९३ प्रङ्क

(१८)

श्री ५ सुरेन्द्रको कान्छा बडामहारानी

जन्म–वि. सं. १८८७ मृत्यु–वि. सं. १९३३

श्री ५ कांछा बडामहा

शाके १७५२ सौरमानेन दिन ३० गते कृष्णादि आषाढकृष्ण चतुर्थी उत्तराषाढापरश्रवणाभुक्त ११।१७ बृहस्पतिवार दिनगत १९।३६ श्री ५ कान्छा बडामहारानीजन्म

३३ साल भाद्रशुदि ७ रोज ७ रात्री बाकी २।१२ स्वर्गी

(१९)

उपेन्द्रविक्रम शाह

जन्म–वि. सं. १८८८ मृत्यु–वि. सं. १९५३

स ९५२ पौषशु १५ मं दिनगतघटि ३८।५ रात्रिगत ११।५२ कंकु श्री ५ नृपराजेन्द्रविक्रमसाहपुत्र श्री उपेन्द्रविक्रमसाहजन्म

५३ साल कार्त्तिशुदि ८ रोज दिनगतघटि १० पला ४५ वढा स्वर्ग

(२०)

मीनारानी (जङ्गबहादुरकी भित्रिनी)

जन्म–वि. सं. १८८८ मृत्यु–वि. सं. १९५७

श्रीमीना

शाके १७५३ सौरमानेन फाल्गुणमासे २९ गते फार्गुणशुक्ल अष्टमी मृगशीरानक्षत्रे घटी १९।३४ शनैश्चरवार श्रीसूर्य्योतगत ६।१३ श्रीमीनारानीजन्म चोभारस्थान

५७ साल भाद्रशु ५ स्वर्गी

(२१)

माहिला रानीसाहेब

जन्म–वि. सं. १८९० मृत्यु–वि. सं. १९४३

सम्वत् १८९० शाके १७५५ सौरमानेन कार्त्तिकमासे दिन १३ गते दशात्तमानेन आश्विनमासे शुक्लपक्षे चतुर्द्दश्यास्तिथौ घटि ३३।२२ रेवतीनक्षत्रे भुक्तघटि ४०।१५ हर्षणपरवज्रयोगे आदित्यवारसरे श्रीसूर्योदयात्परतो घटि ९।२९ धनुलग्ने श्रीमतो माहिला रानिसाहेबजन्म श्रीनारांहिति

४३ साल ज्येष्ट मैन्हामा स्वर्गी

CC-0. Nepal Sanskrit Academy, Kathmandu

(२२)

कर्णेल तिलविक्रम बस्न्यात

जन्म–वि. सं. १८९५

श्रीक तिलविक्रम

सम्वत् १८९५ कृष्णादि वैशाखकृष्ण ।। द्वितिया ।। विशाषानक्षत्रे भुक्तघटि ५१।१६ सिद्धियोग ।। वैशाखमासे दिन २ गते गुरुवासरे दिनगतघटि ०।३७ मेषलग्ने श्रीनन्दवीरबस्न्यात्पुत्रतिलविक्रमबस्न्यात्जन्म चोभार

(२३)

कर्णेल कीर्तिराज राजभण्डारी (बडाकाजी पुष्पराजका बाबु)

मृत्यु–वि. सं. १९७३

जन्म–वि. सं. १८९५

कीर्त्तिराज कर्णेर

६५८

शाके १७६० भाद्रशुक्ल तृतीया उत्तफार्गुणीपरहस्ताभुक्तघटि ६।३२ साध्ययोग बृहस्पतिवासरे दिनगतघटि ११।३६ गते तुलालग्ने श्रीसुबाधनसुंधरपुत्रकर्णेरकीर्त्तिराजजन्म... भाद्र ६ गते

स १९७३ कार्तिकवदी ३० रो ५ दि पवित्रे कार्ति ११ गते आज्यघात परलोक

(२४)

एककुमारी (जङ्गबहादुरकी भितिनी)

मृत्यु-वि. सं. १९३९

जन्म–वि. सं. १८९६

श्रीयककुमारि

शाके १७६१ कृष्णादि पौषकृष्ण त्रयोदशी ज्येष्टा ६२।४५ बृहस्पतिवार रात्री १४।५५ श्रीमाहीला काछा महारानीजन्म: ।। येककुमारी ।।

३९ कात्तिक ३० स्वर्गी

(२५)

चन्द्रप्रकाश शाह

जन्म–वि. सं. १८९७

चित्रगुप्त साह

शाके १७६२ कृष्णादि आषाढकृष्ण ।।नवमी।। रेवतीनक्षत्रघटि १५।१२ अतिगंडयोग ।। सौरमानेन आषाढमासे दिन १३ गते बुधवासरे दिनगतघटि ५।२५ गते कर्कटलग्ने श्रीचौत्तरियारणसेरसाहपुत्रचन्द्रप्रकाशसाह-जन्म

CC-0. Nepal Sanskrit Academy, Kathmandu

(२६)

वकील कुलानन्द राजभण्डारी (बडाकाजी माणिकलालका बाबु)

जन्म–वि. सं. १८९७ **मृत्यु–वि. सं. १९७३**

वकील कुलानन्द

पाटन्

शाके १७६२ कृष्णादि भाद्रकृष्ण ।। चतुर्द्दशीपरअमावाशी ।। अश्लेषापरमघानक्षत्रे भुक्तघटि १५।३४ परिघरशीवयोगे ।। सौरमानेन भाद्रमासे दिन १३ गते बुधवासरे दिनगतघटि ३७।५३ गते मेषलग्ने श्रीसुबाधनसुंधरस्य पुत्रकुलानन्दजन्म

७३ मार्गवदी ७।६ २ बाकी संषमोल परलोक

(२७)

श्री ३ रणोद्दीपसिंहकी कान्छी रानी

जन्म–वि. सं. १८९७

सम्वत् ९६१ शाके १७६२ कृष्णादि पौषमासे कृष्णपक्षे सप्तमीपरअष्टम्यां पूर्वफाल्गुणी ३५।२२ पर-उत्तरफाल्गुणीनक्षत्रे प्रीतीपरआयुष्मानयोगे भौमवासरे श्रीसूर्योदया गतघटि ४१। १० तथा रात्रीगतघटि १५।२४ सिंहलग्ने वृश्चिकनवांशके श्री ३ महाराजरणउद्दिपसिंहकस्य कांछि रानि

(२८)

कर्णेल लालसिंह खत्रीका छोरा

जन्म–वि. सं. १८९७

सम्वत् १८९७ शुक्लादि पौषशुक्ल ।।तृतिया।। उत्तराषाढानरश्रवणाभुक्तघटि १२।५३ व्याघा-परहर्षनयोग । सौरमानेन पौषमासे दिन १४ गते शनीवासरे दिनगतघटि २७।३० मिथुननवाशके मेषाशके श्रीकलालसिषत्रीपुत्र

(२९)

कप्तान शेरबहादुर खत्री

जन्म–वि. सं. १८९८

कप्तान सेरबहादुर

सम्वत् १८९८ श्रावणशुक्ल ।।पंचमी।। पुर्वफार्गुणीनक्षत्रे घटि १८।४४ परत्तरफार्गुणीनक्षत्रे।। वलियानयोगे।। सौरमानेन श्रावणमासे दिन ९ गते गुरुवासरे दिनगतघटि ५८।१८ मिथुनलग्ने सेरबहादु-षत्रीजन्म

CC-0. Nepal Sanskrit Academy, Kathmandu

(३०)

जङ्गबहादुरकी छोरी पामर्गनी मैयाँ

जन्म–वि. सं. १८९८

पामर्गनी मैंजा

शाके १७६३ शुक्लादि मार्गशिलशुक्ल।। त्रयोदशी।। रोहिणीनक्षत्रे घटि ४१।२९ सौरमानेन पौषमासे दिन १४ गते आदित्यवासरे दिनगतघटि ६।२७ मकरलग्ने श्री ३ महाराज जङ्गबहादुर ज्येर्थीतर्फ पुत्री

(३१)

विष्णुप्रसाद शाह

जन्म–वि. सं. १८९८

विष्णप्रसाद साह

शाके १७६३ शुक्लादि पौषशुक्ल।। दशमी।। कृतिकाघटि २।५१ पररोहिनीनक्षत्रे।। शुक्रपरब्रह्मयोगे।। सौरमानेन माघमासे दिनगत ११ गते शनिश्चरवार दिनगतघटि १६।१६ गते वृषलग्ने श्रीचौत्तरियारणसेहसाहपुत्र विष्णुप्रसादसाहजन्म

(३२)

रामदास वैद्य

जन्म–वि. सं. १८९९

रामदास वैद्य

सम्वत् १८९९ ने ९६३ कृष्णादि पौषकृष्ण ।। त्रयोदशीपरचतुर्द्दशी ।। अनुराघटि २१।१० परज्येष्टानक्षत्रे ।। शूलपरगंडयोगे ।। सौरमानेन पौषमासे दिन १६ गते बृहस्पतिवासरे रात्रिघटि २२।५५ तुला-लग्ने कुभनवमाशके जन्म

(३३)

जीना (जङ्गबहादुरकी भित्रिनी)

जन्म–वि. सं. १९०० **मृत्यु–वि. सं. १९८०**

श्रीजीना

शाके १७६५ शुक्लादि आषाढशुक्ल।। चतुर्द्दशीघटि ४४।४ मूलनक्षत्रे भुक्तघटि २०।४५ सौरमानेन आषाढमासे दिन २८ गते सोमवारसरे दिनगतघटि २ पला ५ गते कर्कटलग्ने श्रीचन्द्रवीरकस्य प्रथमपुत्री जात ।।

८० सा स्वर्गी भयो १९/२

CC-0. Nepal Sanskrit Academy, Kathmandu

(३४)

श्यामानानी (जङ्गबहादुरकी भिन्निनी)

जन्म–वि. सं. १९००

श्रीस्यामा

शाके १७६५ कृष्णादि मार्गशिलकृष्ण।। त्रयोदशी।। चित्रानक्षत्रे घटि ३३।४३ सौरमानेन मार्गशिलमासे दिन ६ गते आदित्यवारसरे रात्रिगतघटि ५ पला ८ श्रीस्यामानानीजन्म

(३५)

देवीबहादुर खत्री

जन्म–वि.सं. १९०२

देवीवहादुर

सम्वत् १९०२ ज्येष्टकृष्ण।। नवमी।। पूर्वभाद्रनक्षत्रे घटि ४७।३२ सौरमानेन ज्येष्टमासेदिन १८ गते बृहस्पतिवासरे श्रीसूर्य्योदयात् घटि २४ पला ४५ तुलालग्ने वरर्गोमाशके श्रीकर्णेरलालसिषत्रीपुत्र

(३६)

भीमजङ्ग (जङ्गबहादुरका छोरा)

जन्म–वि. सं. १९०३

भीमजङ्ग

शके १७६८ आषाढकृष्ण।। चतुर्द्दशी बुधवार उतराषाढाभुक्त २७।२५ दि १३

(३७)

देवीबहादुर हमाल

जन्म–वि. सं. १९०४

संम्वत् १९०४ कार्त्तिकशुक्ल।। द्वादशी।। रेवतिनक्षत्रे घटि ४२।३२ सिद्धियोगे।। सौरमानेन मार्गशिलमासे दिन ६ गते शुक्रवासरे श्रीसूर्योदयात् गतघटि २।३२ गते विश्चिकलग्ने श्रीहरिभक्तसर्मण पुत्र देवीबहादुरहमार-जन्म

CC-0. Nepal Sanskrit Academy, Kathmandu

(३८)

युवराज त्रैलोक्यविक्रम शाह

जन्म–वि. सं. १९०४ मृत्यु–वि. सं. १९३४

श्रीत्रैलोकेविक्रम साह

शाके १७६९ कृष्णादिमार्गशिलकृष्ण अष्टमिपरनवमि पूर्वभाल्गुणिघटि ३९।१९ मंगलवार रात्रिगतघटि ६।२४ श्रीत्रैलोक्यविक्रमसाहजन्म

३४ साल चैत्रवदि १२ रोज ७ दीन बाकि १३।१४ मा स्वर्गी

(३९)

नरदीपजङ्ग

जन्म–वि. सं. १९०४

नरदीपजङ्ग

शाके १७६९ फाल्गुनकृष्ण ।। सप्तमी दिन १६ अनुराधाभुक्त ४।२२ शनिवार

(४०)

फत्यबहादुर राणा (जनरल जयबहादुरका छोरा)

जन्म–वि. सं. १९०५

फत्यबहादूर

शोके १७७० सौरमानेन वंशाखमासे दिन १४ वैशाखकृष्ण षष्ठी पूर्वाषाढा ६०।३६ सोमवार रात्री ८।४३ श्रीफत्यबाहादूरराणाजन्म

(४१)

कान्छीमैयाँ

जन्म–वि. सं. १९०५ मृत्यु–वि. सं. १९४५

थापाथलि इनारचोक

शाके १७७० सौरमानेन आषाढमासे दिन ३ गते ज्येष्टशुक्ल त्रयोदशी विशाषापरअनुराढाभुक्त ५।३० श्रीसूर्य्योदयात गत २७।१८ श्रीकान्छा मैंयाजन्म. माहिला जनलरनी थापाथलि इनारचोक. बुधवार

४५ आश्विनकृष्ण स्वर्गी

CC-0. Nepal Sanskrit Academy, Kathmandu

(४२)

मेजर ईश्वरीप्रसाद उपाध्याय

जन्म–वि. सं. १९०५

मेजर इश्वरिप्रसाद

सम्वत् १९०५ भाद्रशुक्ल।। चतुर्दशीपरपौर्णिमा ।। शतभिषापरपुर्वभाद्रनक्षत्रे भुक्तघटि १६।३३ शूलयोग ।। भाद्रपदमासदिन ३० गते भौमवासरे श्रीसूर्योदयात् गतघटि ५४।१ कर्कटलग्ने श्रीमेजरइश्वरिप्रसादपाध्याजन्म

(४३)

प्रधानमन्त्री बमबहादुरका छोरा यक्षविक्रम राणा

